# टोखा न.पा. वडा नं. ३ स्थित धनेश्वर तल मेगा फिटनेश भन्ने जीम हल बनाउँदा सार्वजनिक जग्गा मिचेको सम्बन्धी

## <u>छानविन प्रतिवेदन</u>

**१. उजुरीको संक्षिप्त व्यहोराः**

काठमाण्डौं जिल्ला टोखा न.पा. वडा नं. ३ स्थित धनेश्वर तल मेगा फिटनेश भन्ने जिम हल २०६३ को नापी अनुसार सि.नं. १०२-०९४५-०१ को कि.न. ८ सार्वजनकि जग्गामा बनेको र सो टहरो भित्र अहिले रामश्वर  कुँवर र मुकुन्द कुँवरले स्थायी संरचना बनाउन पिल्लर हाली राखेको हुनाले सो ठाउँमा  गैरकानुनी भवन निर्माण रोकी  निजहरुलाई सख्त कारबाही गरी पाउँ भन्ने उजुरी

**२. प्राप्त उजुरीका सम्बन्धमा भए गरेको वास्तविक तथ्यगत विवरणः**

- उजुरीका सम्बन्धमा छानबिन गर्न नापी कार्यालय डिल्ली बजार गई नापी नक्सा र फिल्डबुक हेर्दा कित्ता नं. ८ व्यक्तिका नाममा रहेको र सोसँगै पश्चिम पट्टी रहेको जग्गा सार्वजनिक रहेको । सार्वजनिक जग्गाको पश्चिम सडक र सडकको पश्चिम नदि रहेको देखिन्छ।

- उजुरीमा उल्लेख भएअनुसार मेगा जिम हल कित्ता नं. ८ मा नभई कित्ता नं. १८ मा रहेको देखिन्छ।
- कित्ता नं. ८ को पश्चिम पट्टीको सार्वजनिक जग्गा खाली नै रहेको देखिन्छ।

- मेगा जिमहलको पश्चिम पट्टीको काखमा (जुन सार्वजनिक जग्गा हो) पानीट्याङ्की राख्ने बनाउनका लागि इटाको गारो भएको २ इन्चको पर्खाल लगाएको देखियो। जसलाई स्थलमै टोलीले तुरुन्त रोक्न निर्देशन दिएको।

- टोली स्थलगत अवलोकनका लागि जाँदा स्थानीय नागरिकहरु जम्मा भएको देखियो। टोलीले एकसाथ सबैलाई सार्वजनिक जग्गा संरक्षणका लागि निर्देशनात्मक अनुरोध गरेको थियो।

**३. निष्कर्ष/सुझाबः**

माथि उल्लेख भएअनुसार टोखा नगरपालिका वडा नं. ३ मा स्थलगत अबलोकन गर्दा निम्न बिषयहरुमा निर्देशन दिन उपयुक्त हुने देखिन्छ।

क. टोखा नगरपालिकालाई सोही नगरपालिका वडा नं. ३ मा रहेको मेगा जिम हलसंगै रहेको सरकारी जग्गा कि.नं. ५६२ लाई संरक्षण गर्न निर्देशन दिने ।

ख. टोखा नगरपालिका मार्फत सोही नगरपालिका वडा नं. ३ मा मेगा जिम हलसंगै अवस्थित सरकारी जग्गा कि.नं. ५६२ मा रहेको अस्थायी छेकबार भत्काउन नगरपालिकालाई निर्देशन दिने र सोको पालना भए नभएको सम्बन्धमा यस केन्द्रबाट जानकारी माग गर्ने।

ग. टोखा नगरपालिका मार्फत खुला स्थानको महत्त्वका सम्बन्धमा स्थानीय नागरिकमा सचेतना अभिवृद्धि गर्न लगाउने।

घ. प्रस्तुत उजुरीमा कि.न. ८, सि.नं. १०२-०९४५-०१ मा उजुरीमा उल्लेख भएबमोजिमको सार्वजनिक सरकारी जग्गा भएको पाइएन। उक्त कित्तामा निजी संरचना भएको पाइयो। तसर्थ उक्त उजुरी तामेलीमा राख्न उपयुक्त देखिन्छ।

## ३. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।१२ को निर्णयः

काठमाडौंको टोखा नगरपालिकामा सार्वजनिक जग्गा मिचेर जीम हल संचालन गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गरी जानकारी पठाउन टोखा नगरपालिकालाई निर्देशन दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।